# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

**नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा, रोडा आदि उत्खनन्/संकलन गर्ने ठेक्का बन्दोबस्ती सम्बन्धी १५ दिने सिलबन्दी दरभाउपत्र आह्वानको सूचना !**

प्रथम पटक प्रकाशित मिति: २०७९/०५/२३

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११, उपदफा २ को खण्ड घ (६) बमोजिम गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने खोला, नदि नाला बाट उत्पादन भई निकासी हुने ढुंगा, गिट्टी, बालुवा, रोडामा कर उठाइने सम्बन्धी व्यवस्था भए बमोजिम यस गाउँपालिकाको क्षेत्र भित्र पर्ने निम्न नदी नालाबाट नदीजन्य पदार्थ उठाइ कर संकलन गर्नको लागि ठेक्काबन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, व्यक्ति वा संस्थाले निम्न शर्तहरुका अधिनमा रही तपसिल वमोजिमको मिति र समय भित्र सिलबन्दी दरभाउपत्र दाखिला गर्न यो सूचना प्रकाशन गरिएको छ ।

निम्न

| ठेक्का नं | ठेक्का को किशिम | सम्भावित उत्खनन् हुने नदी जन्य पदार्थ क्यु.मि. मा | जम्मा ठेक्का को अंक रु | पछि फिर्ता नहुने गरि दरभाउपत्र फारम खरिद गर्ने दस्तुर |
|---|---|---|---|---|
| १/०७९/८० | १. माडी होला क्षेत्र नं. १<br>२. लुंग्री खोला क्षेत्र नं. १<br>३. गजुल खोला क्षेत्र नं. १<br>४. फगाम खोला क्षेत्र नं. १<br>५. जुतुङ खोला क्षेत्र नं. १<br>६. अरेश खोला क्षेत्र नं. १<br>७. लुंग्री खोला क्षेत्र नं. २ | ८६३९.४<br>१९८७८.७५<br>३१९<br>५२८३.६<br>२४७०.९५<br>११९०<br>३६५९४ | १२,००,०००/-<br>(बाह्र लाख रुपैया) | १०००/-<br>(एक हजार रुपैया) |

**नदिजन्य पदार्थ (स्लेट ढुंगा, ढुंगा, गिट्टी, बालुवा, रोडा आदि) को दर- रु.६/- प्रति क्यु.फिट हुनेछ ।**

शर्तहरु:

१. दरभाउपत्र फारम यस कार्यालयबाट माथि उल्ले ा भए बमोजिम पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२:०० बजेभित्र फर्म वा कम्पनीले आफुले कबोल गरेको कुल ठेक्का अंकको ५% धरौटी रकम ग्लोबल आइ.एम.इ. बैंक लिमिटेड रोल्पामा रहेको यस कार्यालको धरौटी खाता नं ८२०२०१००००००४ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको जमानत पत्र (Bid Bond) संग्लन गरी गाउँपालिकाको कार्यालय सुलिचौर, रोल्पामा दरभाउपत्र पेश गर्न सकिने छ ।

३. दरभाउपत्र दाताले पेश गरेको दरभाउपत्र फिर्ता वा संशोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनु भन्दा २४ घण्टा आगाडी फिर्ता वा संशोधन गर्न सकिने छ ।

४. यसरी पर्न आएका दरभाउपत्रहरु १६ औ दिन दिनको २:०० बजे यस गाउँपालिकाको कार्यालय सुलिचौर, रोल्पामा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद, दर्ता र खोलिने दिन सार्बजनिक बिदा पर्न गएमा क्रमश सम्बन्धित कार्यहरु सोको भोलि पल्ट गरिने छ ।

५. ठेक्का अवधि: सम्झौता भएको मिति देखि २०८० साल जेष्ठ मसान्त सम्म हुनेछ ।

६. दरभाउपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवै मा स्पष्ट हुने गरि उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईनेछ ।

७. ठेकेदारले आफुले कबोल गरेको कुल रकम दुई किस्तामा बुझाउनुपर्ने छ । पहिलो किस्ता आफुले कबोल गरेको कुल ठेक्का रकमको ६० (साठी) प्रतिशत रकम सम्झौता गर्ने समयमा बुझाउनुपर्ने छ । त्यस पछिको बाँकी रकम २०८० साल वैशाख मसान्त भित्र बुझाउनु पर्नेछ । सम्झौता गर्न आउदा दरभाउपत्र दाताले बाँकी रकम बराबरको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको कार्यसम्पादन जमानत पत्र (Performance Bond) पेश गरेपछि स्थाई चलन पुर्जी दिईनेछ ।

८. ठेकेदारले नियमानुसार तोकिएको दरमा मूल्य अभिबृद्धि कर थप गरी सङ्कलन गर्नेछ । उक्त मुल्य अभिबृद्धि कर ठेकेदारले आन्तरीक राजस्व कार्यालयमा बुझाउनुपर्ने छ । सो बाहेक पनि नेपाल सरकार वा स्थानीय तह

ईमेल : ssrminfo@gmail.com|ito.sunilsmritirm@gmail.com । टोल फ्रि नं : १६६०८६४४२५०

नि. प्रमुख प्रशासकीय अधिकृत

लाई प्रचलित ऐन नियमानुसार बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनुपर्ने छ। ठेक्का रकम बाट कटाउन तथा घटाउन पाईने छैन।

९. वातावरण संरक्षण नियमावली २०५४ को अनुसूची १ को खण्ड इ (५) अनुसार प्रत्येक खोलाबाट दैनिक ३०० घन मिटर भन्दा कममात्र स्लेट ढुंगा, ढुंगा, गिट्टी, बालुवा, रोडा उत्खनन गर्नु पर्नेछ।

१०. बन्द हडताल, चक्का जाम, लगायत अन्य मानव सिर्जित कारण बाट सिर्जना हुने अवस्थाको कारण छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन। साथै कर छुट वा मिनाहा माग गर्न पाईने छैन।

११. शुल्क उठाउन ठेक्काको शिर्षक उल्लेख गरि ३/३ प्रति वाला, रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नं दाखिला गरेर मात्र कर दस्तुर उठाउने प्रयोगमा ल्याउनु पर्ने छ।

१२. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा सुरक्षीत हुनेछ। दरभाउपत्र पेश गर्दा दरभाउपत्र दाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुने छैन। शर्त सहितको दरभाउपत्रलाई बदर मानिने छ। साथै रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

१३. चलन पुर्जीमा उल्लेख भएका माल, बस्तु र दररेटको प्रतिकुल हुने गरी संकलन उत्खनन गर्न पाईने छैन।

१४. सम्मानित अदालत, नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको निति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको कर्तव्य एवं दायित्व हुने छ। नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारण बाट कुनै क्षति हानी नोक्सानी हुन गएमा सो को क्षतिपुर्तिको दायित्व ठेकेदारले गाउँपालिका संग दावी गर्न पाउने छैन।

१५. स्लेट ढुंगा, ढुंगा, गिट्टी, बालुवा, रोडा सन्दर्भमा प्रदेश अनुगमन समिति एवं जिल्ला स्तरीय अनुगमन तथा गाउँपालिकाको कार्यालय, सुलिचौर, रोल्पा बाट निर्देशन भए बमोजिम हुनेछ।

१६. नेपाल सरकार बाट बन्देज लगाएको अवधिमा खोला बाट नदि जन्य पदार्थ निकाल्न पाईने छैन। निकालेमा कानुन बमोजिम कारवाही हुनेछ। साथै सडक पुलको तलमाथि ५०० मिटर, वन क्षेत्र, बस्ती क्षेत्र तथा कानुनले निषेध गरेको क्षेत्रवाट उत्खनन् गर्न पाइनेछैन। यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ।

१७. जिल्ला समन्वय समिति, रोल्पा बाट २०७५/०९/२४ मा स्वीकृत IEE Report ले उल्लेख गरेको क्षेत्र (लम्बाई/चौडाई र उचाई) लाई अनिवार्य रुपमा पालना गर्नुपर्नेछ। तोकिएको परिमाण र IEE Report प्रतिकुल भएमा कानुन बमोजिम कारवाही गरिने छ। पालना गर्नुपर्ने कुरा IEE Report मा उल्लेख छ।

२०७९/५/२२

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

ईमेल : ssrminfo@gmail.com|ito.sunilsmritirm@gmail.com । टोल फ्रि नं : १६६०८६४४२५०